नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०७१/०७२

मिति: २०७१/१०/२७

चलानी नं.:- १२

श्री जिल्ला विकास समितिको कार्यालय, सबै
श्री नगरपालिकाको कार्यालय, सबै
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम,
क्षेत्रिय समन्वय ईकाई, सबै

**विषय: रणनीतिक कार्य योजना (ASIP) का प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने कार्यहरु ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यू, राष्ट्रिय कार्यक्रम निर्देशकज्यू र मन्त्रालयका अन्य सहसचिवज्यूको समेत विशेष रुचि रहेको यस सामाजिक परिचालन कार्यक्रम अन्तर्गतको रणनीतिक कार्य योजनामा भएको व्यवस्था अनुसार कतिपय कार्यहरु राष्ट्रिय सेवा प्रदायक संस्था मार्फत सम्पन्न गर्ने गरी व्यवस्था भएको र कतिपय कार्यहरु सम्पन्न गर्न क्षेत्रीय समन्वय इकाई स्वयं जिम्मेवार भएको कुरा यहाँहरुलाई अवगत नै छ । राष्ट्रिय सेवा प्रदायक संस्था कार्ययोजना निर्माणको प्रक्रियामा रहेको व्यहोरा जानाकारीको लागि अनुरोध छ । सो सम्बन्धमा क्षेत्रिय समन्वय इकाईले सामाजिक परिचालन कार्यविधि २०७१ मा आधारित रहेर रणनीतिक कार्य योजनामा उल्लेख भएका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया अगाडी बढाई रहेको होला । यदि क्षेत्रिय समन्वय इकाइले सम्पन्न गनुपर्ने थप कार्यहरु विभिन्न कारणले अगाडी बढाउन नसकेको भए सोको कार्ययोजना बनाई नियमित, प्रभावकारी र मितव्ययी ढंगबाट सञ्चालनका लागि आदेशानुसार अनुरोध गर्दछौ ।

<u>रणनीतिक योजना अनुसार तत्काल सम्पन्न गनुपर्ने कार्यहरु</u>

१) **स्थानीय सेवा प्रदायक संस्थाहरुको अभिमुखीकरण:** राष्ट्रिय सेवा प्रदायक संस्था मार्फत स्थानीय सेवा प्रदायक संस्थालाई अभिमूखीकरण गर्न समय लाग्ने हुँदा छनौट भएका स्थानीय सेवा प्रदायक संस्थाहरुलाई अभिमुखीकरण गर्नको लागि सामाजिक परिचालन विज्ञको संयोजनमा सम्बन्धित जिल्ला तथा नगरपालिकाका विज्ञहरुको सहयोगमा कार्ययोजना बनाई यथासक्य चाँडो कार्यान्वयन गर्ने र त्यसको प्रगति यस शाखामा पठाउने ।

२) **नागरीक सचेतना केन्द्र स्तरीकरण मापन:** चितवनमा भएको कार्यशाला गोष्ठीको निर्णय र कार्ययोजना तथा पटक पटक मन्त्रालयको पत्रबाट प्राप्त निर्देशन अनुसार नागरीक सचेतना केन्द्रको स्तरीकरणमापन कार्य अगाडी बढाउने, कामलाई यथासक्य चाडो सम्पन्न गर्ने । यस कार्यमा विकास साझेदार तथा मन्त्रालय चाडो प्रगति भएको हेर्न चाहन्छ ।

३) **जिल्ला तथा नगर सामाजिक परिचालन समितिको गठन र अभिमुखिकरण:** सामाजिक परिचालन कार्यविधि २०७१ को व्यवस्था अनुसार जिल्ला तथा नगर सामाजिक परिचालन समितिहरुको गठन गर्ने कार्य सम्पन्न नभएको भए यथासक्य चाँडो गठन गर्ने र यसको सम्पूर्ण विवरण (गठन,हालसम्म बसेको बैठक संख्या, साथै अन्य केही भएमा त्यसको समेत) मन्त्रालयको सम्बन्धित शाखामा पठाउने । यी समितिलाई प्रभावकारी रुपमा परिचालन गर्नको लागि र कार्यक्रममा एकरुपकता ल्याउनका लागि क्षेत्रिय समन्वय इकाईका सामाजिक परिचालन विज्ञले अभिमुखीकरण कार्यक्रम

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन ४२००३०९ ४२००२८१

पत्र संख्या:-

चलानी नं.: तयार गरी नगर तथा जिल्ला शासन विज्ञद्वारा फागुन १५ भित्रमा आ-आफ्नो क्षेत्रमा सञ्चालन गर्ने । अभिमुखीकरण कायक्रममा छलफलका विषयको रुपमा स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम, सामाजिक परिचालन कार्यविधि २०७१, समितिको जिम्मेवारी र जिल्ला तथा नगर स्तरमा भएका सामाजिक परिचालन सम्वन्धी कार्यक्रम हुनुपर्नेछ ।

४) **वार्ड नागरीक मँचको पुनर्गठन :**
सामाजिक परिचालन कार्यविधि २०७१ को परिच्छेद ५ को ५.१ बमोजिम वार्ड नागरीक मञ्च गठनको बुँदा नं. घ अनुसार प्रत्येक वर्ष वडा नागरीक मञ्चका एक चौथाई सदस्यहरुको पदावधि सकिने र तिनको स्थानमा सम्वन्धित क्षेत्रबाट नयाँ सदस्य आउने व्यवस्था रहेको छ । सो अनुसार पदावधी सकिने उमेदवार निर्धारण गर्दा गोला प्रथा विधिद्वारा किटान गरी ती सदस्यको ठाउँमा सम्वन्धित क्षेत्रबाट नयाँ सदस्य ल्याउने । स्वीकृत कार्यविधिको व्यवस्था अनुसार थपिएका नयाँ पदाधिकारीको विवरण सहितको प्रतिवेदन फागुन महिनाको अन्त्यसम्ममा मन्त्रालयमा पुग्ने गरी पठाउने ।

**५.नागरीक सचेतना केन्द्र र अन्य सँस्थाले गठन गरेका त्यस्तै प्रकृतिका समुहहरुको विवरण -**
आर्थिक वर्ष २०७१/०७२ को स्वीकृत बार्षिक विकास कार्यक्रमको बुँदा नं १.७ अन्तर्गत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गठन गरेका ना.स. के. बाहेक अन्य निकाय/संस्थाले गठन गरेका ना.स.के.हरुलाई समेत मेलमिलाप गरी जाने भनि स्पष्ट व्यवस्था भएकोले आ-आफ्नो क्षेत्रमा रहेका ना.स.के.को विवरण (सहजीकरण गर्ने संस्थाको नाम, स्थान, जिल्ला, न.पा., गा.वि.स., वार्ड, गठन भएको समय, यसको काम, कर्तव्य र अधिकार) तयार गर्न जिल्ला तथा नगर शासन विज्ञले सहयोग गर्ने । यस्ता विवरण तयार गरी क्षेत्रिय समन्वय इकाईमा पठाउने र क्षेत्रले सवै विवरण एकिकृत गरी यसको सारांश रुप मन्त्रालयमा पठाउने । क्षेत्रिय समन्वय इकाईले सामाजिक परिचालन क्षेत्रमा कार्य गर्ने निकायहरुसँग समन्वय गरी कार्ययोजना तयार गरी संयुक्त रुपमा कार्य अगाडी बढाउने । प्राप्त विवरणको आधारमा जिल्ला तथा गाविसमा सामाजिक परिचालन कार्यक्रम सँचालन गर्ने संस्थाहरुको अनुभव र सिकाईको आदान प्रदान गर्नकालागि बैठक तथा गोष्ठीको आयोजना गर्ने ।

**६. जिवीकोपार्जन सुधार कार्यक्रम:** -यस आर्थिक वर्षको स्वीकृत बार्षिक विकास कार्यक्रम अनुसार जिविकोपार्जन कार्यक्रमको बजेट विनियोजन भइसकेको यहाँमा अवगत छ । यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि रणनीति र जिविकोपार्जन सहजीकरण निर्देशिकामा व्यापक छलफल भई अन्तिम रुप दीने कार्य भै रहेको छ । रणनीति र कार्यविधि आगामी हप्तासम्ममा क्षेत्रिय समन्वय इकाईमा पठाइने व्यहोरा अनुरोध छ । यस रणनीति र निर्देशिकामा भएको व्यवस्था अनुसार यससँग सम्वन्धित क्रियाकलापलाई यथासक्य छिटो अगाडी बढाउने ।

(सीता परियार)
उप-सचिव

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा, सं.मा.तथा स्था. वि.म.